FNCCI

नेपाल उद्योग
वाणिज्य महासंघ



लघु, घरेलु, साना तथा मझौला उद्योग

# संचालन सहयोगी पुस्तिका

सर्वाधिकार नेपाल उद्योग वाणिज्य महासंघ–रोजगारदाता परिषद्

**नेपाल उद्योग वाणिज्य महासंघ**

**रोजगारदाता परिषद**

पचली शहिद शुक्र एफएनसिसिआई मिलन मार्ग, टेकू

काठमाडौ, नेपाल

फोनः ०१–५३६२०६१/५३६२२१८/५३६६८८९

वेभः http: //www.fncci.org

http: //employers.fncci.org

**समन्वयकर्ता**

मीना श्रेष्ठ

गोकर्ण राज अवस्थी

हंसराम पाण्डेय

हरी पौडेल

रिङ्कु घिमिरे

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry

P.O. Box : 269
Shahid Sukra FNCCI Milan Marg
Pachali, Teku, Kathmandu, Nepal
Tel : +977-1-5362061 / 5362218 / 5366889
Fax: +977-1-5361022 / 5362007
E-mail: fncci@mos.com.np

# प्राक्कथन

विभिन्न मुलुकहरूमा रोजगारी सिर्जना, वार्षिक कारोवार रकम वा स्थिर पूँजीका आधारमा साना तथा मझौला उद्योगको परिभाषा गरेको पाईन्छ । नेपाल जस्तो सानो अर्थतन्त्र भएको देशका लागि साना तथा मझौला उद्योगको योगदान महत्त्वपूर्ण छ । त्यसै कारण नेपाल उद्योग वाणिज्य महासंघले तयार गरेको १० बर्षे राष्ट्रिय आर्थिक रूपान्तरण २०३० मा यो विषयलाई प्राथमिकतामा राखी काम हुँदै आईरहेको छ । यो घरेलु तथा साना उद्योग संचालन सहयोगी पुस्तिका त्यसकै एउटा अंग रहेको पनि म यहाँ जानकारी गराउन चाहन्छु ।

यो "लघु, घरेलु, साना तथा मझौला उद्योग सञ्चालन सहयोगी पुस्तिका" व्यवसाय दर्ता, दर्ता खारेजी, कर रजिष्ट्रेसन, बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण लगायत आवश्यक विषय सजिलो गरी सचित्र बुझाउने प्रयास भएकाले साना तथा मझौला उद्योग सञ्चालन गर्न चाहने नयाँ वा स्टार्टअप व्यवसायी लगायत सबैका लागि उपयोगी हुने विश्वास लिएको छु ।

यो पुस्तिका तयार गर्न तथा छपाई गर्न सहयोग गर्नु हुने नेपाल स्थित ILO कार्यालयका कन्ट्री डाईरेक्टर रिचर्ड हवार्ड लगायत राष्ट्रिय कार्यक्रम संयोजकज्यूहरूलाई विशेष धन्यवाद दिनुका साथै यसको तयारी गर्ने फ्याक्ट रिसर्च तथा एनालिटिक्सलाई धन्यवाद दिन्छु । यसका लागि सल्लाह सुझाव प्रदान गर्नुहुने उद्योग मन्त्रालयका उपसचिव श्री बिन्दा आचार्य, उद्योग विभागका निर्देशक श्री कृष्ण प्रसाद खरेल र तथ्याङ्क अधिकृत श्री पुष्प शिवाकोटीलाई पनि धन्यवाद दिन चाहन्छु ।

शेखर गोल्छा
अध्यक्ष

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

# धन्यवाद

मुलुकको अर्थतन्त्र र रोजगारीको सन्दर्भमा लघु, घरेलु, साना तथा मझौला उद्योगको योगदान महत्त्वपूर्ण छ । यही कुरालाई मध्यनजर गरी नेपाल उद्योग वाणिज्य महासंघले तयार गरेको १० वर्षे आर्थिक रुपान्तरण रणनीति २०२१-२०३० मा यो विषयलाई प्राथमिकतामा राखी काम गर्ने सोच बनाएको छ ।

वित्तीय क्षेत्र विकास रणनीति, २०७३/७४-२०७७/७८ अनुसार विश्वका अन्य उदयमान मुलुकहरु जस्तै नेपालमा लघु, साना तथा मझौला उद्योगहरूले कुल गार्हस्थ्य उत्पादनमा २२ प्रतिशत योगदान गर्नुका साथै १७ लाख भन्दा बढीलाई रोजगारी प्रदान गरेको तथ्याङ्क हामीले पढ्न पाईरहेका छौ । साना तथा मझौला उद्योग मध्ये करिब ५० प्रतिशतले बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिएको र ती मध्ये पनि ५८ प्रतिशतले वाणिज्य बैंकबाट नै वित्तीय सहयोग प्राप्त गर्ने गरेको पाईएको छ । लघु, घरेलु, साना तथा मझौला उद्योगका लागि व्यवसाय प्रवर्द्धनमा सहज पूँजी उपलब्धता मुख्य चुनौतीको विषय रहेको अवस्थामा नेउवामहासंघले विभिन्न लघु, घरेलु, साना तथा मझौला उद्योग लक्षित कर्जाका सम्बन्धमा जानकारी दिने "लघु, घरेलु, साना तथा मझौला उद्योग संचालन सहयोगी पुस्तिका" सबैका लागि उपयोगी हुने विश्वास लिएको छु ।

यो पुस्तिका तयार गर्न तथा छपाई गर्न ILO को नेपाल स्थित कार्यालयबाट प्राप्त सहयोगका लागि धन्यवाद दिन चाहन्छु । त्यसै गरी लघु, घरेलु, साना तथा मझौला उद्योगका उद्यमी तथा व्यवसायीहरूका लागि सहयोगी पुस्तिका र फ्लाएर तयार गर्ने फ्याक्ट रिसर्च तथा एनालिटिक्स र यस कार्यका लागि महासंघलाई थप ऊर्जा प्रदान गर्नुहुने उद्योग मन्त्रालयका उपसचिव श्री बिन्दा आचार्य, उद्योग विभागका निर्देशक श्री कृष्ण प्रसाद खरेल र तथ्याङ्क अधिकृत श्री पुष्प शिवाकोटीलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यो पुस्तिका छपाई एवम् वितरणको व्यवस्था मिलाएकोमा महासंघका नि. महानिर्देशक मीना श्रेष्ठ र उपमहानिर्देशक श्री गोकर्ण राज अवस्थी, वरिष्ठ विज्ञ श्री हंसराम पाण्डेय तथा सचिवालयका सहायक निर्देशक श्री हरि पौडेल तथा अधिकृत श्री रिंकु घिमिरेलाई धन्यबाद दिन चाहन्छु ।

रामचन्द्र संघई
उपाध्यक्ष एवम् सभापति
रोजगारदाता परिषद्

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np
STOP Child Labour
http://www.fncci.org

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

# धन्यवाद

निजी क्षेत्रको सबैभन्दा ठूलो संगठन नेपाल उद्योग वाणिज्य महासंघ र यस अन्तर्गत घरेलु तथा साना उद्योग समिति लघु, घरेलु, साना तथा मझौला उद्योगहरूको विकास, विस्तार र प्रवर्द्धनका लागि निरन्तर काम गर्दै आएको छ । यो क्षेत्रको प्रवर्द्धनमा देखिदै आएका चुनौतीहरू मध्ये सहज पूँजीको उपलब्धता, यसका लागि उपयुक्त नीति र उद्योगी व्यवसायीहरूको क्षमता अभिवृद्धि प्रमुख रहेका छन् । नेउवामहासंघ र घरेलु तथा साना उद्योग समितिले नेपाल सरकार तथा अन्य दातृ निकायसंगको समन्वयमा विभिन्न तालिम कार्यक्रमहरूका साथै तिनीहरूको प्रमुख चुनौतीको रूपमा रहेको पूँजी व्यवस्थापनलाई मध्यनजर गर्दै बैंकबाट कर्जा प्रवाहमा सहजता सृजना गर्न नेपाल बैंकर्स संघ, विकास बैंकर्स संघ आदिसँग समझदारीपत्रमा हस्ताक्षर गर्नुका साथै अन्तर्राष्ट्रिय श्रम संगठन नेपालको सहयोगमा रणनीतिक योजना निर्माण जस्ता कार्यहरू सम्पन्न गर्दै आएको जानकारी गराउन चाहन्छु । यसै सिलसिलामा, नेउवामहासंघको आर्थिक रूपान्तरण रणनीति २०२१-२०३० अन्तर्गत रहेर लघु, घरेलु, साना तथा मझौला उद्योग लक्षित कर्जा तथा उद्योगको दर्ता एवम् नविकरण सम्बन्धमा जानकारी दिने उद्देश्यले "लघु, घरेलु, साना तथा मझौला उद्योग संचालन सहयोगी पुस्तिका" प्रकाशनमा ल्याईएको छ र यो पुस्तिका सम्बन्धित सबैका लागि उपयोगी हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

यो जानकारीमूलक पुस्तिका तयार गरी प्रकाशन गर्ने काममा सहयोग प्रदान गर्ने अन्तर्राष्ट्रिय श्रम संगठन नेपाल कार्यालय र त्यहाँ कार्यरत राष्ट्रिय कार्यक्रम संयोजकद्वय श्री प्रकाश शर्मा र श्री सौरभ शाहलाई विशेष धन्यवाद दिन चाहन्छु । यो पुस्तिकाको विकास तथा डिजाईन गर्ने संस्था श्री Fact Research and Analytics, बबरमहलका साथै पुस्तिका तयार गर्ने काममा सहयोग गर्ने नेउवामहासंघ अन्तर्गत घरेलु तथा साना उद्योग समिति सदस्यहरू, महासंघका नि. महानिर्देशक मीना श्रेष्ठ, उपमहानिर्देशक श्री गोकर्ण राज अवस्थी, वरिष्ठ विज्ञ श्री हंसराम पाण्डेय, परियोजना संयोजक एवं सहायक निर्देशक श्री हरि पौडेल, अधिकृतद्वय श्री रिङ्कु घिमिरे र श्री बिमला बराल लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने महासंघ सचिवालयका कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

(.........................................)
डि.बि. बस्नेत
सभापति
घरेलु तथा साना उद्योग समिति

# विषय सूची


स्थिर पूँजीको आधारमा उद्योगका प्रकार.......... १/२
वस्तु वा सेवाको प्रकृतिको आधारमा उद्योगको वर्गीकरण.......... २
अनुमति लिनु पर्ने उद्योगहरु.......... ३
उद्योग दर्ता गर्नु पूर्व ध्यान दिनुपर्ने कुराहरु.......... ४
उद्योग दर्ता पछि ध्यान दिनु पर्ने कुराहरु.......... ४
उद्योग संचालन भएपछि ध्यान दिनुपर्ने कुराहरु.......... ५
साना तथा मझौला उद्योग दर्ता.......... ६
उद्योग दर्ता गर्ने निकायले तोकेको अन्य आवश्यक कागजात.......... ७
फर्म नवीकरणका लागि माग गर्दा आवश्यक पर्ने कागजातहरु.......... ७
उद्योगको प्रकृति अनुसार उद्योग दर्ता पूर्व ध्यान दिनु पर्ने कुराहरु.......... ८
उद्योग दर्ता गर्न लाग्ने समय.......... ८
प्राइभेट फर्म रजिष्ट्रेशन.......... ९
प्राइभेट फर्म नवीकरण शूल्क.......... ९
कम्पनी दर्ता.......... १०
कम्पनी दर्ता गर्दा लाग्ने शूल्क.......... १०/११
प्रदेश १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ अनुसार फर्म दर्ता गर्दा लाग्ने दस्तुर.......... ११
घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौंबाट प्रवाह हुने सेवाको उद्योग तथा वाणिज्य दुवै क्षेत्रतर्फ प्राइभेट/ साझेदारी फर्ममा लाग्ने राजश्व दस्तुर.......... १२
व्यवसायको प्यान (PAN) दर्ता प्रकृया.......... १३
व्यवसायको प्यान (PAN) दर्तालाई आवश्यक कागजातहरु.......... १३
व्यवसायको मु.अ.कर (VAT) दर्ता प्रकृया.......... १४
व्यवसायको मु.अ .कर (VAT) दर्तालाई आवश्यक कागजातहरु.......... १४
बैंकबाट व्यावसायिक ऋण लिनको लागि आवश्यक प्रकृया र कागजातहरु.......... १४
कर्जा/ ऋण प्रदान एवं असुल उपर गर्ने व्यवस्था.......... १६
सहुलियत कर्जाका लागि व्याज अनुदानको व्यवस्था.......... १७
साना तथा मझौला उद्योगको लागि विशेष कर्जा योजना प्रदान गर्ने बैंक तथा वितीय संस्थाहरु.......... १८/१९/२०
उद्योगमा विदेशी लगानी गर्ने स्वीकृति लिनु परेमा.......... २१
विदेशी लगानी खुल्ला नगरिएको उद्योग व्यवसाय.......... २२
नेपाल राष्ट्रिय एकद्वार प्रणाली.......... २२
प्रविधि हस्तान्तरण.......... २३
प्रविधि प्राप्त गर्न चाहने उद्यमीहरुले के गर्ने.......... २३
उद्योग दर्ता खारेजीका सम्बन्धमा.......... २४
निवेदन, परियोजना, र प्रमाणपत्रको ढाँचा

# स्थिर पूँजीको आधारमा उद्योगका प्रकार


## १. लघु उद्यम: घर जग्गा बाहेक बढीमा बीस लाख रूपैयाँसम्मको स्थिर पूँजी रहेको उद्योग




(क) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयाँ सम्मको स्थिर पुँजी रहेको,
(ख) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,
(ग) उद्यमीसहित बढीमा नौं जनासम्म कामदार रहेको,
(घ) वार्षिक कारोबार एक करोड रुपैयाँ भन्दा कम रहेको,
(ङ) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोवाट वा सो भन्दा कम रहेको ।

## २. घरेलु उद्योग: परम्परागत सीप र प्रविधिमा आधारित, श्रममूलक र खास सीप वा स्थानीय कच्चा पर्दार्थ यव स्थानीय प्रविधि , कला तथा संस्कृतिमा आधारित, इन्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा ५० किलोवाट सम्मको क्षमताको विधुतीय उर्जा प्रयोग गरेको निम्न किसिमका उद्योग

१. हात वा खुट्टाले चलाउने र अर्धस्वचालित तान(ह्याण्ड लूम,पेडल लूम,सेमी-अटोमेटिक लूम), कपडा बेर्ने(र्‍यापिङ्ग), परम्परागत प्रविधिबाट गरिने रङ्गाइ, छपाइ, सिलाइ(तयारी पोशाक बाहेक) र बुनाइ,
२. ऊन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलैंचा , पश्मिना पोशाक,हातेकागज र सोमा आधारित वस्तु,
३. परम्परागत कला आधारित वस्तु,
४. परम्परागत मूर्तिकला,
५. तामा, पित्तल,ढलौट, काँस र जर्मनसिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडा वर्तन तथा हस्तकलाका सामान,
६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरू,
७. सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना,वस्तु, भाँडा वर्तनहरू(बहुमूल्य,अर्ध-बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),
८. स्वदेशमा उपलब्ध किमति,अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण टयानिङ्ग / छालाबाट हस्त निर्मित वस्तुहरू,
९. जुट, सवाइ घाँस,चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
१०. पत्थरकला(ढुँङ्गा कँदेर बनाएका सामानहरू),
११. पौभा, थाङ्गा चित्र र अन्य परम्परागत चित्रकला,
१२. मुकुण्डो(मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,
१३. परम्पराउत संस्कृति,बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु
१४. काठ,हाड तथा सिङ, माटो, चटान र खनिजका कलात्मक वस्तुहरु,सेरामिक्स तथा माटाका भाँडाकुँडा,
१५. हातले छाप्ने ईंडा उद्योग ।






## ३. साना उद्योग : लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योगहरू साना उद्योग अन्तर्गत पर्दछन् ।

स्रोत: अनुमति तथा दर्ता शाखा, उद्योग विभाग

४. मझौला उद्योग: १५ करोड रूपैयाँभन्दा बढी पचास करोड रूपैयाँसम्म स्थिर पूँजी भएको उद्योग





५. ठुला उद्योग: पचास करोड रूपैयाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग

## वस्तु वा सेवाको प्रकृतिको आधारमा उद्योगको वर्गिकरण



# अनुमति लिनु पर्ने उद्योगहरु



- हातहतियार, गोलीगट्ठा, बारुद वा विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग
- सुरक्षात्मक छपाई, मुद्रा  तथा सिक्का उत्पादन गर्ने उद्योग
- चुरोट, बिडी, खैनी तथा सूर्तीजन्य पदार्थ मुख्य कच्चा पदार्थ हुने वस्तु एवम्  विद्युतीय चुरोट उत्पादन गर्ने उद्योग
- माइक्रोब्रुअरी, बियर, मदिरा वा मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग
- ढुंगा, गिटी, बालुवा उत्खनन, प्रशोधन गर्ने उद्योग
- रेडियो संचार सम्बन्धि उपकरण उत्पादन गर्ने उद्योग
- बहुमूल्य खनिज तथा पेट्रोलियम पदार्थ उत्खनन जस्ता उद्योग
- लिक्विफाइड पेट्रोलियम ग्यास (एल. पि. जि.) रिफिलिंग गर्ने उद्योग
- ड्रोन उत्पादन वा ड्रोनको माध्यमबाट सेवा प्रवाह गर्ने सबै प्रकारको उद्योग
- प्रचलित कानून बमोजिम अनुमति लिनु पर्ने अन्य उद्योग

# उद्योग दर्ता गर्नु पूर्व ध्यान दिनु पर्ने कुराहरू

(क) वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने: उद्योगको प्रकृति, आकार, अवस्थिति एवं पुँजी लगानी समेतको आधारमा उद्योगले वातावरणीय अध्ययन गरी सोको प्रतिवेदन तयार गर्नु पर्दछ ।

- संक्षिप्त वातावरणीय अध्ययन Brief Environmental Study (BES)
- प्रारम्भिक वातावरणीय परीक्षण Initial Environmental Examination (IEE)
- वातावरणीय प्रभाव मूल्याङ्कन Environmetal Impact Assessment (EIA)

(ख) सम्बन्धित निकायबाट स्वीकृति वा सहमति लिनु पर्ने।



# उद्योग दर्ता पछि ध्यान दिनु पर्ने कुराहरू



(क) स्थायी लेखा नम्बर लिने ।

(ख) भ्याट लाग्ने बस्तुको उत्पादन गर्ने भए भ्याटमा दर्ता हुने ।

(ग) उद्योगले उत्पादन गर्ने बस्तुमा अन्त:शुल्क लाग्ने भए अन्त:शुल्कमा दर्ता हुनु पर्ने ।

(घ) कच्चा पदार्थ आयात तथा उत्पादन निर्यात गर्ने भए आयात-निर्यात कोड (एक्जिम कोड) लिने ।

(ङ) उद्योग सञ्चालन गर्न नेपाल सरकारको जग्गा आवश्यक पर्ने भएमा लिजको लागि निवेदन दिने ।

(च) उद्योगलाई आवश्यक पर्ने जग्गा हदबन्दी भन्दा बढी भएमा हद बन्दी भन्दा बढीको जग्गा राख्ने छुट पाउन निवेदन दिने ।

(छ) प्रमाणपत्रमा तोकिएको म्यादभित्र उद्योग प्रारम्भ गर्ने र सोको जानकारी ३० दिन भित्र दर्ता गर्ने निकायलाई दिने ।

(ज) उद्योगको उत्पादनको पेटेन्ट डिजाइन वा टेडमार्क दर्ता गर्नु पर्ने भएमा दर्ता गर्नुपर्ने ।

(झ) कम्पनी भए कम्पनीको संस्थापकबाट लिन कबुल गरेको शेयर पुँजी माग गर्ने ।

(ञ) पब्लिक लिमिटेड कम्पनी भए शेयर तथा डिभेन्चर निष्कासन गरी पुँजी सङ्कलन गर्ने ।

(ट) ऋण कर्जा आवश्यकता पर्ने भएमा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनको लागि प्रक्रिया अगाडि बढाउने ।



# उद्योग सञ्चालन भए पछि ध्यान दिनु पर्ने कुराहरु

- मू.अ.कर तथा अन्त:शुल्कमा दर्ता भएको भए प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र विवरण पेस गर्ने ।
- उद्योगको वासलात तथा नाफा नोक्सान हिसाब विवरण रजिस्टर्ड लेखा परीक्षणबाट लेखा परीक्षण गराउने ।
- आय विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र पेस गर्ने।
- कम्पनी भए कम्पनी ऐनमा तोके बमोजिमका विवरणहरु कम्पनीको रजिस्टर्डको कार्यालयमा पेस गर्ने ।
- प्राइभेट फर्म तथा साझेदारी फर्म भएमा प्रमाणपत्रमा उल्लेखित अवधि समाप्त भएको ३५ दिन भित्र नवीकरणको लागि निवेदन दिनु पर्ने ।
- विदेशी श्रमिकलाई काममा लगाउनु पर्ने भएमा श्रम तथा रोजगार विभागमा इजाजतको लागि निवेदन दिनु पर्ने ।
- उद्योगको स्थानान्तरण गर्नु पर्ने भएमा उद्योग दर्ता गर्ने निकायबाट स्वीकृति लिनु पर्ने ।
- उत्पादनको गुणस्तर जाँच बुझ गराउन निवेदन दिई गुणस्तर प्रमाण चिन्ह लिने ।
- उद्योगको प्रमाण पत्रमा उल्लेखित सर्तहरुको परिपालना गर्नु पर्ने ।
- प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितीले ६ महिना भित्र उद्योग बिभागमा बार्षिक विवरण बुझाउने।
- उद्योग पूर्जी बृदि र उदेश्य थप वा परिवर्तन गर्दै स्विकृति लिनुपर्ने।
- उद्योग संचालन ब्यवसायीक उत्पादन वा कारोबार प्ररम्भ गरेको जानकारी दिनुपर्ने (३० दिन भित्र)

# साना तथा मझौला उद्योग दर्ता

औद्योगिक व्यवसाय ऐन २०७६ मा कुनै पनि उद्योग उक्त ऐन अनुसार दर्ता नगरी स्थापना अथवा संचालन गर्न - गराउन नपाउने कानूनी प्रावधान रहेको छ । उद्योग दर्ता गर्ने निकाय भन्नाले उद्योग विभाग अथवा उद्द्योग प्रशासन हेर्ने प्रादेशिक सरकारको कार्यालयलाई जनाउछ। औद्योगिक व्यवसाय नियमावली, २०७६ अनुसार औद्योगिक व्यवसाय नियमावली २०७६ को अनुसूची १ बमोजिमउद्योग स्थापना गर्न चाहने व्यक्तिले देहायका विवरण र कागजात सहित उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्दछ ।



- अनुसूची १ बमोजिमको ढाँचाको निवेदन
- अनुसूची २ बमोजिमको परियोजनाको विवरण
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा विदेशी नागरिक भए राहदानीको प्रतिलिपि
- निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- उद्योग रहने स्थानको नक्सांकन सहितको विवरण
- प्रतिनिधि नियुक्त गरेको भए अख्तियारी पत्र र अख्तियारवालाको परिचय खुल्ने कागजात
- विदेशी लगानीमा उद्योग संचालन गर्ने भए विदेशी लगानी स्वीकृति भएको पत्र
- साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदार बीच भएको सम्झौता
- उद्योग स्थापना गर्ने क्षेत्रको गाँउपलिका वा नगरपालिकाको सिफारिश

नोटः लघु उद्यम वा घेरलु उद्योग दर्ता गराउन चाहने व्यक्तिले उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकायसमक्ष अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्दछ ।

# उद्योग दर्ता गर्ने निकायले तोकेको अन्य आवश्यक कागजात



क) निवेदक कम्पनी भएमा

- स्वीकृत प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपी
- संचालक समितिको निर्णय
- अध्यावधिक शेयर लगत
- अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्र

ख) जलबिधुत उत्पादन गर्ने उद्योगको हकमा बहाल अवधि रहेको विद्युत उत्पादनको सर्वेक्षण, उत्पादनको अनुमतिपत्र र FEASIBILITY STUDY REPORT

ग) रुपन्देही तथा कपिलबस्तु जिल्लामा स्थापना हुने उद्योगको हकमा लुम्बिनी विकास कोषको दुरी प्रमाणित कागजात

घ) अन्य निकायको सहमति (जस्तै: पर्यटन, स्वास्थ्य, औषधी, संचार, वन, श्रम आदिसँग सम्बन्धित उद्योग भएमा)

## फर्म नविकरनका लागि माग गर्दा आवश्यक पर्ने कागजातहरु




स्रोत: अनुमति तथा दर्ता शाखा, उद्योग विभाग



कुनै उद्योग दर्ता गर्नको लागि सर्वप्रथम पूर्व स्वीकृतिको आवश्यकता पर्दछ । (जस्तै औषधी उद्योगलाई औषधी व्यवस्था विभागको स्वीकृति)

आफूले सञ्चालन गर्न चाहेको उद्योग दर्ता गर्दा छरछिमेक वा अन्य कसैलाई असर पर्ने भएमा छरछिमेक वा सँधियारको स्वीकृति लिन आवश्यकता पर्दछ ।

वातावरणीय अध्ययन (IEE) प्रतिवेदन आवश्यक भएमा स्वीकृत प्रतिवेदन आवश्यक पर्दछ। (प्रतिवेदनको लागि प्रकृया सम्बन्धित दर्ता निकायबाट नै गर्न सकिने छ।)

# उद्योगको प्रकृति अनुसार दर्ता पूर्व ध्यान दिन पर्ने कुराहरु

## लाग्ने समय



नियम बमोजिम प्राप्त निवेदन उपर उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गर्दा उद्योग दर्ताको लागि आवश्यक पर्ने सम्पूर्ण विवरण वा कागजात प्राप्त भएको र उद्योग दर्ता गर्न मनासिब देखिएमा त्यस्तो विवरण तथा कागजात पेस भएको **पाँच दिनभित्र** उद्योग दर्ता गरी निवेदकलाई दर्ता गर्ने निकायले उद्योग दर्ताको प्रमाण पत्र दिनु पर्दछ ।

# प्राइभेट फर्म रजिष्ट्रेशन

प्राइभेट फर्म भन्नाले निजी वा कथित नामबाट एक व्यक्तिले उद्योग व्यवसायका निकासी वा पैठारीको व्यापार गर्ने फर्म वा कम्पनी वा कोठी सम्झनु पर्छ भनि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन-२०१४ मा उल्लेख गरिएको छ ।

| पूँजी रकम | रजिष्ट्रेशन दस्तुर |
|---|---|
| एक लाख | एक हजार रूपैयाँ |
| एकलाख रूपैयाँ भन्दा बढी तीनलाख रूपैयाँसम्म | तीन हजार रूपैयाँ |
| तीनलाख रूपैयाँ भन्दा बढी पाँचलाख रूपैयाँसम्म | छ हजार रूपैयाँ |
| पाचँलाख रूपैयाँ भन्दा बढी बीसलाख रूपैयाँसम्म | बार्हहजार रूपैयाँ |
| बीसलाख रूपैयाँ भन्दा बढी एक करोड रूपैयाँसम्म | बीसहजार रूपैयाँ |
| एककरोड रूपैयाँ भन्दा बढी पाँचकरोड रूपैयाँसम्म | तीसहजार रूपैयाँ |
| पाचँकरोड रूपैयाँ भन्दा बढी जतिसुकै भएपनि | पचासहजार रूपैयाँ |

तर महिला,दलित समुदाय र विपन्न वर्गका व्यक्तिलाई एक करोड रुपैयाँ सम्म पँजू भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्न एकसय रुपैयाँ दस्तुर लाग्नेछ र एक करोड रुपैयाँ भन्दा बढी पाँच करोड रुपैयाँ पूँजी भएको प्राइभेट फर्म रजिष्ट्रेशन गर्न यस नियम बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुने व्यवस्था रहेको छ ।

# प्राईभेट फर्म नविकरण शुल्क

| पूँजी रकम | नविकरण दस्तुर |
|---|---|
| एक लाख | छ सय रूपैयाँ |
| एकलाख रूपैयाँ भन्दा बढी तीनलाख रूपैयाँसम्म | एक हजार रूपैयाँ |
| तीनलाख रूपैयाँ भन्दा बढी पाँचलाख रूपैयाँसम्म | एक हजार छ सय रूपैयाँ |
| पाचँलाख रूपैयाँ भन्दा बढी बीसलाख रूपैयाँसम्म | तीनहजार रूपैयाँ |
| बीसलाख रूपैयाँ भन्दा बढी एक करोड रूपैयाँसम्म | पाँचहजार रूपैयाँ |
| एककरोड रूपैयाँ भन्दा बढी पाँचकरोड रूपैयाँसम्म | आठहजार रूपैयाँ |
| पाचँकरोड रूपैयाँ भन्दा बढी जतिसुकै भएपनि | पन्ध्रहजार रूपैयाँ |

# कम्पनी दर्ता

**(क) कम्पनी :**



कम्पनी उद्यम व्यवसाय संचालन गर्ने एउटा कानूनी मान्यता प्राप्त संरचना हो । उद्योग व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा समूहले कम्पनी ऐन, २०६३ अनुसार प्राईभेट लिमिटेड, पब्लिक लिमिटेड, मुनाफा वितरण नगर्ने कम्पनीको रूपमा अविच्छिन्न उत्ताराधिकारवाला स्वशासित, संगठित संस्था संस्थापना गर्न सक्दछ । यसले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, वेचविखन गर्न वा अन्य किसिमले व्यवसाय गर्न सक्छ साथै यसले आफ्नो नामबाट नालिस उजुर गर्न सक्छ ।

**(ख) प्राइभेट कम्पनी :**



उपरोक्त क बमोजिम संस्थापित बढीमा ५० जनासम्म शेयरधनीहरुको कम्पनी हो साथै एकल शेयरधनी भएको कम्पनी पनि प्राइभेट कम्पनी अन्तर्गत पर्दछ ।

**(ग) पब्लिक कम्पनी :**



उक्त क बमोजिम संस्थापित कम्पनीमध्ये प्राइभेट कम्पनीबाहेकको कम्पनी हो जसमा कम्तीमा ७ जना संस्थापक रहनु पर्ने र चुक्ता पूँजी कम्तीमा रु.१ करोड भएको हुनुपर्दछ ।

**(घ) मुनाफा वितरण नगर्ने कम्पनी :**



कुनै उदेश्य प्राप्तिको लागि आर्जित मुनाफा वा वचत गरेको रकमबाट लाभांस वा अन्य कुनै रकम सदस्यहरुलाई वितरण वा भुक्तानी गर्न नपाउने गरी कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित कम्पनी हो जसमा कम्तीमा ५ जनासम्म संस्थापक रहने र यस्तो कम्पनीले आफ्नो नामको पछाडी सामान्यतया कम्पनी लिमिटेड वा प्रा.लि. जस्ता शव्दहरु लेखिरहनु पर्दैन ।

कुनै पनि कम्पनी दर्ता उद्योग मन्त्रालय अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयबाट हुन्छ।

# कम्पनी दर्ता गर्दा लाग्ने दस्तुर

**क) प्राइभेट लिमिटेड कम्पनी**

| अधिकृत पूँजी | लाग्ने दस्तुर(रू.) |
|---|---|
| रू १ लाखसम्म | १,००० /- |
| रू १ लाख देखि रू ५ लाख सम्म | ४,५०० /- |
| रू ५ लाख देखि रू २५ लाख सम्म | ९,५०० /- |
| रू २५ लाख देखि रू १ करोड सम्म | १६,००० /- |
| रू १ करोडभन्दा माथि प्रतिकरोडका दरले थप हुने | ३,००० /- |

## ख) पब्लिक लिमिटेड कम्पनी

| अधिकृत पूँजी | लाग्ने दस्तुर(रू.) |
|---|---|
| रू १ करोडसम्म | १५,००० /- |
| रू १ करोड १ देखि रू १० करोड सम्म | ४०,००० /- |
| रू १० करोड १ देखि रू २० करोड सम्म | ७०,००० /- |
| रू २० करोड १ देखि रू ३० करोड सम्म | १,००,००० /- |
| रू ३० करोड १ देखि रू ४० करोडसम्म | १,३०,००० /- |
| रू ३० करोड १ देखि रू ५० करोडसम्म | १,६०,००० /- |
| रू ५० करोड भन्दा माथि प्रति करोडको दरले थप हुने | ३,०००० /- |

## ग) मूनाफा वितरण नगर्ने कम्पनीको हकमा एकमुष्ठ रू. १५,००० /- लाग्नेछ ।

## प्रदेश १ नीजि तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ अनुसार फर्म दर्ता गर्दा लाग्ने दस्तुर

| अधिकृत पूँजी (रु.) | दर्ता दस्तुर (रु.) | नवीकरण शुल्क (रु.) |
|---|---|---|
| <५ लाख | २,००० | २,००० |
| >५ लाख र <२० लाख | ४,००० | ४,००० |
| >२० लाख र <५० लाख | ७,००० | ५,००० |
| >५० लाख र <१ करोड | १५,००० | १०,००० |
| >१ करोड र <५ करोड | २५,००० | १५,००० |
| >५ करोड र <१० करोड | ३५,००० | २०,००० |
| >१० करोड | ६०,००० | ३०,००० |

प्रदेश अनुसार कम्पनी, फर्म अथवा उद्योग दर्ता गर्न लाग्ने शुल्क फरक हुन सक्छन् ।

# घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौंबाट प्रवाह हुने सेवाको उद्योग तथा वाणिज्य दुवै क्षेत्रतर्फ प्राइभेट/ साझेदारी फर्ममा लाग्ने राजश्व दस्तुर

| प्राइभेट/ साझेदारी फर्म दर्ता दस्तुर | | | प्राइभेट फर्म नविकरण | | | | साझेदारी फर्म नविकरण | |
|---|---|---|---|---|---|---|---|---|
| | पूँजी | दस्तुर | ३५ दिन भित्र | १ वर्ष सम्म | १ वर्ष नाघेपछि | | ३५ दिनभित्र | १ वर्षभित्र |
| | | | | | दस्तुर | थप जरिवाना | | |
| १ | एक लाख रुपैयाँसम्म | १००० | ६०० | १८०० | १८०० | ६०० प्रतिवर्ष | १५० | ६०० |
| २ | एक लाख रुपैयाँभन्दा बढी तिन लाख रुपैयाँसम्म | ३००० | १००० | ३००० | ३००० | १००० प्रतिवर्ष | २०० | ८०० |
| ३ | तिन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ६००० | १६०० | ४८०० | ४८०० | १६०० प्रतिवर्ष | ३५० | १४०० |
| ४ | पाँचलाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | १२००० | ३००० | ९००० | ९००० | ३००० प्रतिवर्ष | ६०० | २४०० |
| ५ | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २०००० | ५००० | १५००० | १५००० | ५००० प्रतिवर्ष | १००० | ४००० |
| ६ | एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ३०००० | ८००० | २४००० | २४००० | ८००० प्रतिवर्ष | १६०० | ६४०० |
| ७ | पाँच करोड रुपैयाँभन्दा बढी | ५०००० | १५००० | ४५००० | ४५००० | १५००० प्रतिवर्ष | ३००० | १२००० |

## नोट :

१. उल्लिखित राजश्व निवेदन दस्तुर वापत रू. १०० थप लाग्ने

२. कम्पनि दर्ताको हकमा राजश्व दस्तुर रू. १०० मात्र लाग्ने

३. नामसारी दस्तुर: फर्म रजिष्ट्रेसन गर्न लाग्ने दस्तुर बराबरको रकम (प्राइभेट फर्मको हकमा मात्र)

४. नाम परिवर्तन दस्तुर: फर्म रजिष्ट्रेसन गर्न लाग्ने दस्तुरको पचास प्रतिशतले हुन आउने रकम (प्राइभेट फर्मको हकमा मात्र)

उल्लिखित नविकरण दस्तुरमा पाँच वर्ष सम्म नविकरण नगराएको हकमा नविकरण तथा खारेजी गर्दा जरिवाना दोब्बर लाग्ने (प्राइभेट फर्मको हकमा मात्र)

६. कुल पूँजी रू. ५,००,००० सम्मको उद्योग दर्ता गर्ने निकाय सम्बन्धित स्थानीय तह रहेको

७. उल्लेखित राजश्व दस्तुर बाहेक अन्य कुनै शुल्क तथा दस्तुर नलाग्ने

# व्यवसायको प्यान (PAN) दर्ता प्रक्रिया



प्यान दर्ता अनलाइन माध्यम बाट गर्न सकिन्छ । आन्तरिक राजस्व विभागको करदाता पोर्टल *(https//taxpayerportal.ird.gov.np/taxpayer/app.html)* मा गएर पान दर्ता गर्न सकिन्छ ।


# व्यवसायको प्यान (PAN) दर्तालाई आवश्यक कागजातहरू



नेपाली नागरिकताको प्रतिलिपि



घर भाडा सम्झौता पत्र/ सम्पत्ति स्वामित्व कागजात



व्यवसाय रहेको स्थानको नक्सा

अनलाइन मार्फत प्रक्रिया पुऱ्याएर पान दर्ता आवेदन बुझाए पछि फारम डाउनलोड गरी उक्त फारम कर कार्यालयमा पेस गर्न पर्दछ । फारम रुजु भए पछि कार्यालयले व्यावसायिक पान कार्ड प्रदान गर्ने छ । पान कार्डको लागि कुनै किसिमको खर्च लाग्दैन ।

# व्यवसायको मु.अ.कर (VAT) दर्ता प्रक्रिया



भ्याट दर्ता अनलाइन माध्यम बाट गर्न सकिन्छ । आन्तरिक राजस्व विभागको करदाता पोर्टल ***(https://taxpayerportal.ird.gov.np/taxpayer/app.html)*** मा गएर भ्याट दर्ता गर्न सकिन्छ । (नमूना अनुसूचीमा संलग्न गरिएको छ)

# व्यवसायको मु.अ.कर (VAT) दर्तालाई आवश्यक कागजातहरू




नेपाली नागरिकताको प्रमाण पत्र



दुई वटा वटा पासपोर्ट साइज फोटो



स्थानीय चेम्बर अफ कमर्सको सिफारिस पत्र



व्यवसाय रहेको स्थानको नक्सा

# बैंकबाट व्यावसायिक ऋण लिनको लागि आवश्यक प्रक्रिया र कागजातहरू




सर्वप्रथम आफूले के कस्तो उद्योग व्यवसाय गर्ने र त्यसको लागि कति रकम चाहिने हो भन्ने विषयमा उद्यमी स्पष्ट हुनु पर्दछ । साना तथा मझौला उद्यमिहरुको लागि बैंकहरुमा ऋणको लागि छुटै व्यवस्था (स्किम वा योजना) हुन सक्छ, ती योजनाहरु बाट ऋण लिदा सहुलियत पूर्ण व्याजमा ऋण प्राप्त गर्न सकिन्छ । आफूले किन र कति ऋण लिने हो र ऋण सम्बन्धी विभिन्न बैंकको योजना र व्याजदार बुझे पछि बंकमा ऋणको लागि निवेदन दिन सकिन्छ । कर्जा दिने बखतमा बैंकको नियम र सर्तहरु राम्रो सँग बुझेर मात्र कर्जा लिनु पर्दछ ।

## ऋणको लागि आवश्यक प्रक्रिया र कागजातहरू



- ऋणको लागि निवेदन
- नागरिकताको प्रतिलिपि
- पासपोर्ट साइज फोटा
- सञ्चालनमा रहेको व्यवसायको हकमा लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाण पत्र एवं व्यवसायको कानुनी कागजातहरु
- नयाँ व्यवसायको हकमा व्यावसायिक योजना, व्यवसाय दर्ता प्रमाण, कर कार्यालयमा दर्ता प्रमाण
- बैंकको नियम अनुसार अन्य कागजपत्रहरु

# कर्जा/ऋण प्रदान एवं असुल उपर गर्ने व्यवस्था

## कर्जा/ऋण प्रवाह




- बैंकले ऋण दिँदा चल/अचल सम्पत्ति सुरक्षण लिई वा अन्य उचित जमानी लिई ऋण प्रदान गर्दछ ।

- कर्जा लिनको लागि धितोमा राखेको चल/अचल सम्पत्ति रोक्काको लागि बैंक तथा वित्तीय संस्थाले सम्बन्धित कार्यालयमा लेखि पठाउछ ।

- ऋणीले बैंक वा वित्तीय संस्थासँग लिएको कर्जाको सर्त, भाका र व्याज सम्बन्धी कुराहरु कर्जा लेनदेन सम्बन्धमा भएको लिखत वा करारमा उल्लेख भए बमोजिम हुन्छ ।

## कर्जा/ऋण असुली एवं जरिवाना



ऋणीले कर्जा लेनदेन सम्बन्धी लिखत वा करारमा उल्लेखित सर्त कबुलियतको पालना नगरेमा वा लिखत करारको भाकाभित्र कर्जा र सोमा लागेको ब्याज वा हर्जाना चुक्ता नगरेमा वा कर्जा दुरुपयोग गरेमा बैंकले धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी सम्बन्धित बैंक वा वित्तीय संस्थाले आफ्नो सावा,ब्याज असुल उपर गर्दछ ।



ऋणीले सर्त अनुसार समयमा ऋण नतिरेमा बैंकले प्रचलित कानुन बमोजिम कालोसूचीमा राख्न कर्जा सूचना केन्द्र लिमिटेडमा लेखि पठाउँछ ।



कुनै ऋणीबाट बैंकले आफूले उठाउन पर्ने सावाँ, व्याज र अन्य रकम उठ्ने कुनै आधार नदेखेमा बैंकले ऋणीको राहदानी रोक्का तथा जफत गर्न र राज्यले प्रदान गर्ने कुनै सुविधाबाट वञ्चित गराउन आवश्यक व्यवस्थाका लागि राष्ट्र बैंक समक्ष अनुरोध गर्न सक्दछ ।

# सहुलियत कर्जाका लागि ब्याज अनुदानको व्यवस्था

कर्जाको प्रति ऋणी अधिकतम सीमा

**रु. ५,००,००,००० सम्म**
व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा

**रु. ७,००,००० सम्म**
शिक्षित युवा स्वरोजगार कर्जा

**रु. १०,००,००० सम्म**
विदेशबाट फर्केको युवा परियोजना कर्जा

**रु. १५,००,००० सम्म**
महिला उद्यमशील कर्जा

**रु. १०,००,००० सम्म**
दलित समुदाय व्यवसाय विकास कर्जा

**रु. ५,००,००० सम्म**
उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा

**३,००,००० सम्म**
भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा

**रु. ५,००,००,००० सम्म**
कपडा उद्योग संचालनको लागि

**२,००,००० सम्म**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि

**रु. ५,००,००० सम्म**
युवा वर्ग स्वरोजगार कर्जा

स्रोत: नेपाल राष्ट्र बैंक, सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित)

# साना तथा मझौला उद्योगको लागि विशेष कर्जायोजना प्रदान गर्ने बैंकहरु

## वाणिज्य बैंक (क वर्ग)

| | नाम | ठेगाना | नम्बर | website |
|---|---|---|---|---|
| १ | नेपाल बैंक लि. | धर्मपथ, काठमाडौँ नेपाल | ०१४२४७९९९, | https://nepalbank.com.np/ |
| २ | कृषि विकास बैंक लि. | रामशाहपथ, काठमाडौँ | १४२१९२४१ | https://www.adbl.gov.np/ |
| ३ | नविल बैंक लि. | दरबारमार्ग, काठमाडौँ | १५९७००१५ | https://www.nabilbank.com/ |
| ४ | नेपाल इन्भेस्टमेन्ट बैंक लि. | दरबारमार्ग, काठमाडौँ | १४२२८२२९ | https://nibl.com.np/ |
| ५ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लि. | मदन भण्डारी मार्ग, काठमाडौँ | १४७८१८०० | https://www.sc.com/np/ |
| ६ | हिमालयन बैंक लि. | ठमेल, काठमाडौँ | १४२२७७४९ | https://www.himalayanbank.com/en/ |
| ७ | नेपाल एस.बि.आई. बैंक लि. | केशरमहल, काठमाडौँ | १४४१६५३२ | https://nsbl.statebank/ |
| ८ | नेपाल बंगलादेश बैंक लि. | कमलादी, काठमाडौँ | १४२३३७८० | https://www.nbbl.com.np/ |
| ९ | एभरेष्ट बैंक लि. | लाजिमपात, काठमाडौँ | १४४१८८७८ | https://everestbankltd.com/ |
| १० | कुमारी बैंक लि. | टंगाल, काठमाडौँ | १४४४३०७७ | https://www.kumaribank.com/ |
| ११ | लक्ष्मी बैंक लि. | हात्तीसार सडक, काठमाडौँ | १४४४४६८४ | https://www.laxmibank.com/ |
| १२ | सिटिजन्स बैंक लि. | नारायणहिटि पथ, काठमाडौँ | १४४२७८४२ | https://www.ctznbank.com/ |
| १३ | प्राइम कमर्सियल बैंक लि. | कमलपोखरी, काठमाडौँ | १४४२३४३२ | https://www.primebank.com.np/ |
| १४ | सनराइज बैंक लि. | गैरीधारा सडक, काठमाडौँ | १४००४५६० | https://www.sunrisebank.com.np/ |
| १५ | सेन्चुरी कमर्सियल बैंक लि. | पुतलीसडक, काठमाडौँ | १४४४५०६२ | https://www.centurybank.com.np/ |
| १६ | सानिमा बैंक लि. | अलकापुरी नक्साल, काठमाडौँ | १४४२८९७७ | https://www.sanimabank.com/ |
| १७ | माछापुच्छ्रे बैंक लि. | लाजिमपात, काठमाडौँ | १५९७०५५५ | https://www.machbank.com/ |
| १८ | एन आई सी एशिया बैंक लि. | थापाथली, काठमाडौँ | १५९७०१०१ | https://www.nicasiabank.com/ |
| १९ | ग्लोबल आइएमई बैंक लि. | कमलादी, काठमाडौँ | १४२२६२४७ | https://globalimebank.com/ |
| २० | एनएमबी बैंक लि. | एनएमभि भवन अख्तियार मार्ग, काठमाडौँ | १५९७०१५० | https://nmbbanknepal.com/ |
| २१ | प्रभु बैंक लि. | बबर महल, काठमाडौँ | १४७८८५०० | https://www.prabhubank.com/ |
| २२ | सिद्धार्थ बैंक लि. | हात्तीसार सडक, काठमाडौँ | १४४४२९१९ | https://siddharthabank.com/ |
| २३ | बैंक अफ काठमाडौँ लि. | तिनधारा मार्ग, काठमाडौँ | १४४१४५४१ | https://www.bok.com.np/ |
